# Change Nepal
# चेन्ज नेपाल








बाल-बालिका तथा महिला शोषण विरोध ।

'dedicated to children and women in exploitation'

## बाल संरक्षण

बाल–बालिका भविष्यका कर्णधार र वर्तमानका साझेदार हुन् । बाल–बालिकाको वृद्धि र विकासमा हानी पुऱ्याउने भेदभाव, शोषण, दुर्व्यवहार, अपहेलना, उत्पीडन, हिंसा हानिकारक तथा युद्धमा संलग्न हुने ओसारपसार, बेचबिखन तथा बाबु–आमाबाट अलग्गिनु पर्ने लगायतका जोखिमपूर्ण स्थितिबाट सुरक्षित गरी बाल–बालिकाको बालापनको संरक्षण गर्ने कार्य बाल–संरक्षण हो । बाल–संरक्षणले यस्ता संभावित जोखिमबाट बाल–बालिकालाई हुने शारीरिक तथा मानसिक हानी नोक्सानीलाई न्युनिकरण गरि सुरक्षित गर्दछ । बाल संरक्षण अन्तर्गत बाल–बालिका माथि कुनै जोखिमयुक्त घटना भइसकेको भए त्यसको उचित संबोधन समेत पर्दछ । बाल–बालिकालाई सुरक्षित, शोषण रहित र हिंसामुक्त राख्न परिवार, समाज, राष्ट्र सबैले आ–आफनो दायित्व निर्वाह गर्नुपर्छ ।

## बाल दुर्व्यवहार

### १. भावनात्मक दुर्व्यवहारः

- बाल–बालिकालाई चित्तदुख्ने गरी गाली गर्नु
- बाल–बालिकाको आत्मविश्वासमा चोट पुर्याउनु
- बाल–बालिकाको इच्छा आकांक्षालाई बेवास्ता गर्नु
- बाल–बालिकालाई दवाव तथा बहकाउमा पारेर आफनो स्वार्थका लागि प्रयोग गर्नु

### २. शारीरिक दुर्व्यवहारः

- बाल–बालिकालाई कुनै पनि बहानामा पिट्नु
- बाल–बालिकालाई शारीरिक, मानसिक र शैक्षिक विकासमा असर पर्ने काममा लगाउनु
- बाल–बालिकालाई गह्रौं भारी बोकाउनु, विद्यालयमा बाल–बालिकालाई पिट्नु, सजाय दिनु
- बाल–बालिकालाई रक्सी, चुरोट वा नशालु पदार्थ खान सिकाउनु
- बाल–बालिकालाई मनोरञ्जनको साधनको रुपमा प्रयोग गर्नु

### ३. मौखिक दुर्व्यवहारः

- बाल–बालिकालाई जिस्क्याउनु उपनाम दिएर बोलाउनु
- बाल–बालिकालाई हप्काउनु गाली गर्नु, हेप्नु, सराप्नु, हेला गर्नु

### ४. बेवास्ता वा उपेक्षाः

- बाल–बालिकालाई रेखदेख, हेरचाह नगर्नु, फोहोरी, नाङ्गो र भोको राख्नु
- बाल–बालिकाको शिक्षालाई बेवास्ता गर्नु, बाल–बालिकालाई हेरचाह नगरी एक्लै छोड्नु
- बाल–बालिकाका पोषण र औषधी उपचारको आवश्यकतालाई बेवास्ता गर्नु
- बाल–बालिकाको कुरा नसुन्नु वा बेवास्ता गर्नु

### ५. यौन–दुर्व्यवहारः

- कुनै वयस्क, पाको व्यक्ति वा ठूलो बाल–बालिका वा आफूभन्दा शक्तिशाली व्यक्तिले बाल–बालिका माथि यौन आशय झल्कने गरी गरिएका छुवाइ तथा सम्बन्धलाई बाल यौन–दुर्व्यवहार भनिन्छ ।
- कसैले विभिन्न डर त्रास वा लोभ–लालच देखाई वा कुनै पनि ढङ्गले प्रभावित पारी बाल–बालिकाको संवेदनशील (अप्ठ्यारो लाग्ने र यौन अङ्ग) अंङ्गहरु छुनु वा चलाउनु
- बाल–बालिकालाई संवेदनशील अंङ्गहरु छुन वा चलाउन लगाउनु
- बाल–बालिकाको संवेदनशील अंङ्गहरुको फोटो खिच्नु
- बाल–बालिकालाई यौन उत्तेजना हुने किसिमका फोटा तथा भिडियोहरु देखाउनु

## बाल यौन–दुर्व्यवहार

**निम्न उल्लेखित कार्यहरु गर्नु वा गर्न लगाउनु बाल यौन–दुर्व्यवहार गरेको मानिनेछः**

- बाल–बालिकालाई अश्लील चित्रहरु, किताब, चलचित्र वा क्रियाकलाप देखाउनु
- बाल–बालिकासंग प्रत्यक्ष वा टेलिफोन, ईन्टरनेट लगायतवाट अश्लील कुराकानी गर्नु
- बाल–बालिकाको संवेदनशील अङ्गहरुमा छुनु
- बाल–बालिकाको संवेदनशील अङ्गहरुको तस्वीर वा भिडियो खिच्नु
- बाल–बालिकालाई संवेदनशील अङ्गहरु प्रदर्शन गर्नु वा छुन लगाउनु
- बाल–विवाह गर्नु वा गराउनु
- १८ वर्ष मुनिका बाल–बालिका संग यौन सम्पर्क गर्नु वा गर्न लगाउनु

## बाल यौन–दुर्व्यवहार र समाज

- बाल यौन–दुर्व्यवहार गैर कानूनी र दण्डनीय अपराध हो ।
- बाल यौन–दुर्व्यवहार बालअधिकारको उल्लंङ्घन हो ।
- बाल यौन–दुर्व्यवहार असामाजिक तथा अनैतिक कार्य हो ।
- ८०% भन्दा बढी बाल यौन–दुर्व्यवहार बाल–बालिका एक्लै कुनै वयस्कसंग बसेका अवस्थामा भएको छ ।
- बाल यौन–दुर्व्यवहारका केही घट्ना बाहेक धेरै जसो चिने जानेकै व्यक्तिबाट भएको छ र यो जहाँ पनि जसले पनि गर्न सक्छ ।
- बाल यौन–दुर्व्यवहार पीडकको दोष हो, पीडित बाल–बालिकाको दोष होइन ।
- बाल यौन–दुर्व्यवहारलाई लुकाएर राख्नु हुदैन ।
- बाल यौन–दुर्व्यवहारवाट पीडित बाल–बालिकालाई तत्काल आपतकालीन सेवा प्रदान गर्नुपर्दछ ।
- बालयौन दुर्व्यवहारवाट पीडित बाल–बालिका र परिवारलाई मनो–सामाजिक विमर्श प्रदान गर्नुपर्दछ ।
- बाल यौन दुर्व्यवहारको विरुद्ध सचेत हुँदै त्यस विरुद्ध आवाज उठाउनु पर्दछ ।

## बाल यौन–दर्व्यवहारबाट बच्न के के गर्नुपर्ने

- छिटै कसैलाई विश्वास नगर्ने
- सकेसम्म एकान्तमा कसै संग नभेट्ने
- अरु व्यक्तिले किन आफूलाई मात्र बढी माया, सहयोग, प्रशंसा गरेको छ भन्ने कुरामा सचेत रहने
- आफ्नो शरीरलाई अनावश्यक रुपमा सकेसम्म कसैलाई छुन नदिने
- यदि कसैले छुन खोजेमा आफूलाई मन नपरेको प्रतिक्रिया दिने, ठूलो स्वरमा "नाई" भन्ने
- कसैले जबरजस्ती गर्न खोजेमा, भाग्ने, चिच्याएर अरुको सहयोग माग्ने, आत्म रक्षाका उपाय अपनाउने
- यदि घटना भइसक्यो भने, लुकाएर नराख्ने र कुनै जिम्मेवार वा सबैभन्दा विश्वासिलो व्यक्तिलाई भन्ने
- सकेसम्म एक्लै नबस्ने
- प्रहरीलाई खबर गर्ने वा **बाल हेल्पलाइन १०९८ अथवा १०४ मा फोन गर्ने** वा जिल्ला बाल कल्याण समितिलाई खबर गर्ने

## मानव बेच-बिखन तथा ओसार-पसार भनेको के हो ?

**१. कसैले देहायको कुनै कार्य गरेमा मानव बेच-बिखन गरेको मानिनेछः-**

- कुनै पनि उद्देश्यले मानिस बेच्ने वा किन्ने
- कुनै प्रकारको फाइदालिई वा नलिई वेश्यावृत्तिमा लगाउने
- प्रचलित कानून बमोजिम बाहेक मानिसको अङ्ग झिक्ने वा मानव अङ्गको व्यापार गर्ने
- वेश्यागमन गर्ने

**२. कसैले देहायको कुनै कार्य गरेमा मानव ओसार-पसार गरेको मानिनेछ :-**

- किन्ने वा बेच्ने उद्देश्यले मानिसलाई विदेशमा लैजाने
- वेश्या–वृत्तिमा लगाउने वा शोषण गर्ने उद्देश्यले कुनै प्रकारले ललाई फकाई, प्रलोभनमा पारी, झुक्याई, जाल–साज गरी, प्रपञ्च मिलाई, जबर्जस्ती गरी, करकापमा पारी, अपहरण गरी, शरीर बन्धक राखी, नाजुक स्थितिको फाईदा लिई, बेहोस पारी, पद वा शक्तिको दुरुपयोग गरी, अभिभावक वा संरक्षकलाई प्रलोभनमा पारी कसैलाई बसिरहेको घर, स्थान वा व्यक्तिबाट छुटाई लग्ने वा आफूसँग राख्ने वा आफ्नो नियन्त्रणमा लिने वा कुनै स्थानमा राख्ने वा नेपाल भित्रको एक ठाँउबाट अर्को ठाँउमा वा विदेशमा लैजाने वा अरु कसैलाई दिने ।

## मानव बेच-बिखन (महिला तथा बाल-बालिका) तथा ओसार-पसार विरुद्ध नेपाल सरकारले तोकेको सजाय, दण्ड तथा जरिवाना

- मानिस किन्ने वा बेच्नेलाई २० वर्ष कैद र २ लाख सम्म जरिवाना हुन्छ ।
- वेश्यावृतिमा लगाउने वा शोषण गर्ने उद्देश्यले ललाई फकाई, प्रलोभनमा पारी, झुक्याई, जाल–साज वा करकापमा पारी कसैलाई बसिरहेको घर, स्थान वा व्यक्तिवाट छुटाइ लाने वा आफुसंग राख्ने वा नेपाल भित्रको एक ठाउँवाट अर्को ठाउँ वा विदेशमा लैजाने वा अरु कसैलाई दिनेलाई ७ वर्ष देखि १० वर्ष सम्म कैद हुन्छ ।
- कुनै प्रकारको फाइदा लिई वा नलिई वेश्यावृतिमा लगाउनेलाई १० वर्ष देखि १५ वर्ष सम्म कैद र ५० हजार देखि १ लाख रुपैयाँ सम्म जरिवाना हुन्छ ।
- वेश्यागमन गर्नेलाई १ महिना देखि ३ महिनासम्म कैद र २ हजार देखि ५ हजार रुपैयाँ सम्म जरिवाना हुन्छ ।
- गैरकानुनी रुपमा मानव अङ्ग झिक्नेलाई १० वर्ष कैद र २ लाख देखि ५ लाख रुपैयाँ सम्म जरिवाना हुन्छ ।
- किन्ने वा बेच्ने वा वेश्यावृत्तिमा लगाउने उद्देश्यले कसैलाई विदेश लगिएमा लग्नेलाई १० देखि १५ वर्ष सम्म कैद र ५० हजार रुपैयाँ देखि १ लाख रुपैयाँ सम्म जरिवाना हुन्छ तर बाल–बालिकालाई विदेशमा लगिएमा १५ देखि २० वर्ष कैद र १ देखि २ लाख रुपैयाँ सम्म जरिवाना हुन्छ ।
- किन्न, बेच्न वा वेश्यावृत्तिमा लगाउन नेपाल भित्र एक ठाँउबाट अर्को ठाँउमा मानिसलाई लगिएमा नेपाल भित्रको एक ठाँउबाट अर्को ठाँउमा लैजानेलाई १० वर्ष कैद र ५० हजार रुपैया देखि १ लाख रुपैयाँ सम्म जरिवाना हुन्छ ।
- नेपाल भित्र एक ठाँउबाट अर्को ठाँउमा बाल–बालिका लगिएमा १० देखि १२ वर्ष सम्म कैद र १ लाख रुपैयाँ जरिवाना हुन्छ ।



for more information:
Thamel, Kathmandu, ph: +9771-4384043, 016922-692,
email: info@changenepal.org.np web: www.changenepal.org.np